# रोङ गाउँपालिका

# रोङ राजपत्र

खण्डः .....          संख्याः .......          मितिः २०८२ /०१/०७

भाग-२

## रोङ गाउँपालिकाको कृषक तथा पशुपालन समूह/फर्म दर्ता तथा नवीकरण कार्यविधि, २०८१

**रोङ गाउँपालिकाको कृषक तथा पशुपालन समूह/फर्म दर्ता तथा नवीकरण कार्यविधि, २०८१**

प्रस्तावना : यस रोङ गाउँपालिकाभित्र रहेका विभिन्न कृषि तथा पशुपालन व्यवसायमा आवद्ध रहेका समूहहरु तथा व्यक्तिहरुको फर्म दर्ता तथा नवीकरण गर्ने प्रयोजनका लागि नीतिगत व्यवस्था गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को द (५) बमोजिम यो कार्यविधि जारी गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : यो कार्यविधिको नाम 'रोङ गाउँपालिकाको कृषक तथा पशुपालन समूह/फर्म दर्ता तथा नवीकरण कार्यविधि, २०८१' रहेको छ। यो कार्यविधि रोङ गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) 'कार्यालय' भन्नाले रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्छ।

(ख) 'कृषक' भन्नाले रोङ गाउँपालिकाभित्र कृषि कर्म तथा पशुपालन व्यवसाय गर्ने व्यक्ति सम्झनुपर्छ।

(ग) 'कृषक समूह' भन्नाले रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा दर्ता हुने कृषि कर्ममा आवद्ध महिला कृषक समूह, पुरुष कृषक समूह, मिश्रित कृषक समूह सम्झनुपर्छ।

(घ) 'पशुपालक समूह' भन्नाले रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा दर्ता हुने पशुपालन व्यवसायमा आवद्ध महिला कृषक समूह, पुरुष कृषक समूह, मिश्रित कृषक समूह सम्झनुपर्छ।

(ङ) 'कृषक तथा पशुपालक समूह' भन्नाले रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा दर्ता हुने कृषि तथा पशुपालन दुबै व्यवसायमा आवद्ध महिला कृषक तथा पशुपालक समूह, पुरुष कृषक तथा पशुपालक समूह, मिश्रित कृषक तथा पशुपालक समूह सम्झनुपर्छ।

(च) 'निजी फर्म' भन्नाले रोङ गाउँपालिकाभित्र एकल वा साझेदारीमा कृषि वा पशुपंक्षी सम्बन्धी व्यवयासियक रुपमा कार्यरत रही कार्यालयमा दर्ता हुने फर्म सम्झनुपर्छ।

**परिच्छेद १**

**कृषक/पशुपालन/कृषक तथा पशुपालन समूह दर्ता तथा नवीकरण सम्बन्धी**

३. नयाँ कृषक/पशुपालन/कृषक तथा पशुपालन समूह दर्ता सम्बन्धी :

(क) सदस्य संख्या: समूह दर्ताको लागि कम्तीमा १५ देखि बढीमा २५ सदस्य हुनुपर्छ। मिश्रित कृषक समूहको हकमा कार्यसमितिमा कम्तीमा ३३ % महिला सदस्य समावेश भएको हुनुपर्नेछ।

(ख) आवश्यक कागजात: नयाँ कृषक समूह, पशुपालक समूह, कृषक तथा पशुपालक समूह दर्ता गर्नु परेमा देहायका कागजातहरु संलग्न गर्नु पर्नेछ :

- अनुसूची १ बमोजिमको निवेदन,

- अनुसूची २ बमोजिमको समूहको विवरण,
- समूह दर्ता गरिदिने विषयमा सम्बन्धित वडा कार्यालयको सिफारिस,
- समूह गठन गर्ने निर्णयको छायाँप्रति,
- समूह दर्ता गर्न जाने निर्णयको छायाँप्रति,
- समूहका सबै सदस्यहरुको नेपाली नागरिकताको प्रमाणपत्रको छायाँप्रति,
- समूहको अध्यक्षको पासपोर्ट साइजको फोटो,
- समूहको विधान (३ प्रति)।

(ग) दर्ता प्रकृया: नयाँ कृषक समूह, पशुपालक समूह र कृषक तथा पशुपालक समूह दर्ता गर्नु परेमा निवेदनका साथमा दफा ३ (ख) बमोजिमको कागजात प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ।

कृषि विकास शाखाले नयाँ कृषक समूह र कृषक तथा पशुपालक समूह दर्ता हुन पेश भएका कागजात परीक्षण गरी उपयुक्त देखिएमा प्रमुख प्रशासकीय अधिकृत समक्ष समूह दर्ताका लागि टिप्पणी पेश गर्नेछ।

पशु सेवा शाखाले नयाँ पशुपालक समूहको दर्ता हुन पेश भएका कागजात परीक्षण गरी उपयुक्त देखिएमा प्रमुख प्रशासकीय अधिकृत समक्ष समूह दर्ताका लागि टिप्पणी पेश गर्नेछ।

सम्पूर्ण प्रकृया पूरा गरी कार्यालयबाट सम्बन्धित समूहलाई अनुसूची ३ बमोजिमको प्रमाणपत्र प्रदान गरिनेछ। समूह दर्ताका लागि पेश भएका कागजातहरुको अभिलेख तथा समूह दर्ताको लगत राख्ने जिम्मेवारी सम्बन्धित शाखाको हुनेछ।

(घ) दर्ता शुल्क: नयाँ कृषक समूह, पशुपालक समूह, कृषक तथा पशुपालक समूह दर्ता शुल्क प्रति समूह रु. १,०००।- लाग्नेछ।

(ङ) कृषक समूह, पशुपालक समूह, कृषक तथा पशुपालक समूह दर्ता तथा नवीकरणको अभिलेख अनुसूची ७ बमोजिमको ढाँचामा सम्बन्धित शाखामा राखिनेछ।

४. <u>कृषक समूह/पशुपालक समूह/ कृषक तथा पशुपालक समूह नवीकरण सम्बन्धी</u> :

(क) कृषक समूह/पशुपालक समूह/कृषक तथा पशुपालक समूहले हरेक वर्ष *असोज (पहिलो संशोधन) महिनाको १५ गतेभित्र कार्यालयमा समूह नवीकरण गर्नु पर्नेछ।

(ख) समूह नवीकरण शुल्क प्रत्येक पटक प्रति समूह रु. ५००।- लाग्नेछ। यस कार्यविधिमा तोकिएको म्यादभन्दा ढिलो नवीकरण गर्न आएमा नवीकरण शुल्क रु. ५००।- र *प्रति वर्ष रु. २५०।- (पहिलो संशोधन) का दरले थप शुल्क लाग्नेछ।

(ग) समूहको सम्पूर्ण सम्पत्ति वा दायित्वका बारेमा सबै सदस्यहरु सहमत भई साधारण सभाले समूह विघटन गर्ने निर्णय गरी सम्बन्धित वडाको सिफारिस सहित आएमा सम्बन्धित शाखाबाट जाँचबुझ गरी प्राप्त प्रतिवेदनका आधारमा त्यस्तो समूहको दर्ता खारेज गरिनेछ।

(घ) समूह नवीकरण गर्न देहायका कागजात पेश गर्नु पर्नेछ :

देहाय :

- अनुसूची ४ बमोजिमको निवेदन,
- अनुसूची ५ बमोजिमको समूहको विवरण,
- अनुसूची ६ बमोजिमको प्रगति प्रतिवेदन र वार्षिक कार्ययोजना,
- समूह नवीकरण गरिदिने विषयमा सम्बन्धित वडा कार्यालयको सिफारिस,
- समूह नवीकरण गर्ने निर्णयको छायाँप्रति,
- समूह दर्ता प्रमाणपत्रको सक्कल प्रति र सो को १ छायाँप्रति,
- समूहका सबै सदस्यहरुको नेपाली नागरिकताको प्रमाणपत्रको छायाँप्रति ।

## परिच्छेद २

## कृषि फर्म/पशुपंक्षी फर्म/मिश्रित फर्म दर्ता तथा नवीकरण सम्बन्धी

५. व्यवसायिक कृषि फर्म दर्ता सम्बन्धी :

रोङ गाउँपालिकाभित्रका कृषि व्यवसाय गर्दै आइरहेका कृषकहरुले देहायको मापदण्डका अधीनमा रही कार्यालयमा आफ्नो फर्म दर्ता गराउन सक्नेछन् ।

(१) प्लाष्टिक टनेल खेती: ५/१० मिटरको कम्तीमा ३ वटा टनेल निर्माण गरी तरकारी उत्पादन गरेको ।

(२) खुला तरकारी खेती: ३ रोपनी वा सोभन्दा बढी क्षेत्रफलमा बाह्रै महिना व्यवसायिक रुपमा तरकारी उत्पादन गरेको ।

(३) फलफूल खेती: २ रोपनी वा सोभन्दा बढी क्षेत्रफलमा सुन्तलाजातका फलफूल, एभोकार्डो, किबी, आँप, केरा, लिच्ची, मेवा आदिजस्ता फलफूलहरुको व्यवसायिक खेती गरेको ।

(४) च्याउ खेती: ५/१० मिटरको कम्तीमा २ वटा डुम हाउस निर्माण गरी च्याउको व्यवसायिक खेती गरेको ।

(५) मौरी पालन : १० वटा वा सोभन्दा बढी आधुनिक घारमा व्यवसायिक रुपमा मौरी पालन गरेको ।

६. दर्ताका लागि आवश्यक कागजात :

(१) दफा ५ बमोजिमको मापदण्ड पूरा गरेका रोङ गाउँपालिकाभित्रका कृषि व्यवसाय गर्दै आइरहेका कृषकहरुले फर्म दर्ताका लागि देहायका कागजात संलग्न गर्नु पर्नेछ ।

- अनुसूची ८ बमोजिमको निवेदन,
- नेपाली नागरिकताको प्रमाणपत्रको छायाँप्रति,
- पासपोर्ट साइजको २ प्रति फोटो,

- जग्गाको चार  किल्ला प्रमाणित सर्जमिन मुचुल्का,
- चार किल्ला प्रमाणितमा हस्ताक्षर गरेका व्यक्तिहरुको नेपाली नागरिकताको प्रमाणपत्रको छायाँप्रति,
- जग्गा भाडामा लिएको भए सो को सम्झौता पत्र,
- जग्गा व्यक्तिगत वा संगोलमा भए स्वघोषणा वा मञ्जुरीनामा,
- दर्ता शुल्क बुझाएको रसिद,
- वडा कार्यालयको सिफारिस ।

(२) दर्ता प्रकृया: नयाँ कृषि फर्म दर्ता गर्नु परेमा निवेदनका साथमा दफा ६ बमोजिमको कागजात प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

कृषि विकास शाखाले नयाँ कृषि फर्म दर्ता हुन पेश भएका कागजात परीक्षण गरी स्थलगत अनुगमन समेतका आधारमा उपयुक्त देखिएमा प्रमुख प्रशासकीय अधिकृत समक्ष फर्म दर्ताका लागि टिप्पणी पेश गर्नेछ ।

सम्पूर्ण प्रकृया पूरा गरी कार्यालयबाट सम्बन्धित समूहलाई अनुसूची ९ बमोजिमको प्रमाणपत्र प्रदान गरिनेछ । समूह दर्ताका लागि पेश भएका कागजातहरुको अभिलेख तथा फर्म दर्ताको लगत राख्ने जिम्मेवारी कृषि विकास शाखाको हुनेछ ।

(३) दर्ता शुल्क: नयाँ कृषि फर्म दर्ता शुल्क प्रति फर्म रु. १,०००।- लाग्नेछ ।

७. कृषि फर्म नवीकरण सम्बन्धी :

(१) फर्म नवीकरण गर्नका लागि अनुसूची १० बमोजिमको निवेदनका साथ सम्बन्धित वडा कार्यालयको सिफारिस समेत संलग्न गर्नु पर्नेछ ।

(२) हरेक वर्ष *असोज (पहिलो संशोधन) महिनाको १५ गतेभित्र कार्यालयमा कृषि फर्म नवीकरण गर्नु पर्नेछ ।

(३) फर्म नवीकरण शुल्क प्रत्येक पटक प्रति फर्म रु. ५००।- लाग्नेछ । यस कार्यविधिमा तोकिएको म्यादभन्दा ढिलो नवीकरण गर्न आएमा नवीकरण शुल्क रु. ५००।- र *प्रति वर्ष रु. २५०।- (पहिलो संशोधन) का दरले थप शुल्क लाग्नेछ ।

८. व्यवसायिक पशुपंक्षी फर्म तथा मिश्रित फर्म दर्ता सम्बन्धी :

रोङ गाउँपालिकाभित्रका पशुपंक्षी व्यवसाय गर्दै आइरहेका पशुपालकहरुले देहायको मापदण्डका अधीनमा रही कार्यालयमा आफ्नो फर्म दर्ता गराउन सक्नेछन् ।

(१) व्यवसायिक गाई, भैंसी फर्म : यसलाई देहायका ३ वर्गमा विभाजन गरिएको छ ।

(क) साना व्यवसायिक गाई, भैंसी फर्म : २ देखि १० वटा गाई वा भैंसी पालन गरी दूध उत्पादन व्यवसाय शुरु गरेको ।

(ख) मझौला व्यवसायिक गाई, भैंसी फर्म : ११ देखि २० वटा गाई वा भैंसी पालन गरी दूध उत्पादन व्यवसाय शुरु गरेको ।

(ग) ठूला व्यवसायिक गाई, भैंसी फर्म : २१ वा सोभन्दा बढी वटा गाई वा भैंसी पालन गरी दूध उत्पादन व्यवसाय शुरु गरेको हुनुपर्ने ।

(२) व्यवसायिक बाख्रा फर्म : यसलाई देहायका ३ वर्गमा विभाजन गरिएको छ ।

(क) साना व्यवसायिक बाख्रा फर्म : १० देखि ३० वटा माउ बाख्रा पालन गरी व्यवसाय शुरु गरेको ।

(ख) मझौला व्यवसायिक बाख्रा फर्म : ३१ देखि ५० वटा माउ बाख्रा पालन गरी व्यवसाय शुरु गरेको ।

(ग) ठूला व्यवसायिक बाख्रा फर्म : ५१ वा सोभन्दा बढी वटा माउ बाख्रा पालन गरी व्यवसाय शुरु गरेको ।

(३) व्यवसायिक बंगुर फर्म : यसलाई देहायका ३ वर्गमा विभाजन गरिएको छ ।

(क) साना व्यवसायिक बंगुर फर्म : पाठापाठी उत्पादनका लागि भए ३ देखि १० वटा माउ बंगुर र मासुका लागि भए १० देखि १५ वटा बंगुर पालन गरी व्यवसाय शुरु गरेको ।

(ख) मझौला व्यवसायिक बंगुर फर्म : पाठापाठी उत्पादनका लागि भए ११ देखि २० वटा माउ बंगुर र मासुका लागि भए १६ देखि २५ वटा बंगुर पालन गरी व्यवसाय शुरु गरेको ।

(ग) ठूला व्यवसायिक बंगुर फर्म : पाठापाठी उत्पादनका लागि भए २१ वटा वा सोभन्दा बढी माउ बंगुर र मासुका लागि भए २६ वटा वा सोभन्दा बढी बंगुर पालन गरी व्यवसाय शुरु गरेको ।

(४) व्यवसायिक कुखुरा फर्म : यसलाई देहायका ३ वर्गमा विभाजन गरिएको छ ।

(क) साना व्यवसायिक कुखुरा फर्म : २०० देखि १००० वटा लेयर्स, ब्रोइलर वा ५० देखि १०० वटा स्थानीय जातको कुखुरा, टर्की, हाँस, बट्टाई पालन गरी व्यवसाय शुरु गरेको ।

(ख) मझौला व्यवसायिक कुखुरा फर्म : १००१ देखि ३००० वटा लेयर्स, ब्रोइलर वा १०१ देखि ५०० वटा स्थानीय जातको कुखुरा, टर्की, हाँस, बट्टाई पालन गरी व्यवसाय शुरु गरेको ।

(ग) ठूला व्यवसायिक कुखुरा फर्म : ३००१ वटा वा सोभन्दा बढी लेयर्स, ब्रोइलर वा ५०१ वटा वा सोभन्दा बढी स्थानीय जातको कुखुरा, टर्की, हाँस, बट्टाई पालन गरी व्यवसाय शुरु गरेको ।

(५) व्यवसायिक माछा फर्म : यसलाई देहायका ३ वर्गमा विभाजन गरिएको छ ।

(क) साना व्यवसायिक माछा फर्म : कम्तीमा ०.५ रोपनीदेखि ३ रोपनी क्षेत्रफलमा पोखरी निर्माण गरी व्यवसायिक रुपमा माछा पालन शुरु गरेको ।

(ख) <u>मझौला व्यवसायिक माछा फर्म</u> : ४ रोपनीदेखि १० रोपनी क्षेत्रफलमा पोखरी निर्माण गरी व्यवसायिक रुपमा माछा पालन शुरु गरेको।

(ग) <u>ठूला व्यवसायिक माछा फर्म</u> : ११ रोपनी वा सोभन्दा बढी क्षेत्रफलमा पोखरी निर्माण गरी व्यवसायिक रुपमा माछा पालन शुरु गरेको।

(६) मिश्रित फर्म : माथिका न्यूनतम मापदण्ड पूरा गरेर एकभन्दा बढी किसिमका पशुपंक्षी, तरकारी, फलफूल, च्याउ, माछा एउटै व्यक्तिले व्यवसायिक तवरले पालन तथा खेती गरेको हुनुपर्ने।

(क) <u>साना व्यवसायिक माछा फर्म</u> : कम्तीमा ०.५ रोपनीदेखि ३ रोपनी क्षेत्रफलमा पोखरी निर्माण गरी व्यवसायिक रुपमा माछा पालन शुरु गरेको

९. <u>पशुपंक्षी फर्म तथा मिश्रित फर्म दर्ता</u> :

(१) दफा ८ बमोजिमको मापदण्ड पूरा गरेका रोङ गाउँपालिकाभित्रका पशुपंक्षी पालन वा मिश्रित व्यवसाय गर्दै आइरहेका कृषक वा पशुपंक्षी पालकहरुले फर्म दर्ताका लागि देहायका कागजात संलग्न गर्नु पर्नेछ।

- अनुसूची ११ बमोजिमको निवेदन,
- नेपाली नागरिकताको प्रमाणपत्रको छायाँप्रति,
- पासपोर्ट साइजको २ प्रति फोटो,
- जग्गा धनीपूर्जाको छायाँप्रति,
- जग्गाको चार किल्ला प्रमाणित सर्जमिन मुचुल्का,
- चार किल्ला प्रमाणितमा हस्ताक्षर गरेका व्यक्तिहरुको नेपाली नागरिकताको प्रमाणपत्रको छायाँप्रति,
- जग्गा भाडामा लिएको भए सो को सम्झौता पत्र,
- जग्गा व्यक्तिगत वा संगोलमा भए स्वघोषणा वा मञ्जुरीनामा,
- दर्ता शुल्क बुझाएको रसिद,
- वडा कार्यालयको सिफारिस।

(२) दर्ता प्रकृया: नयाँ पशुपंक्षी फर्म वा मिश्रित फर्म दर्ता गर्नु परेमा निवेदनका साथमा दफा ७ बमोजिमको कागजात प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ।

पशु सेवा शाखाले नयाँ पशुपंक्षी फर्म वा मिश्रित फर्म दर्ता हुन पेश भएका कागजात परीक्षण गरी स्थलगत अनुगमन समेतका आधारमा उपयुक्त देखिएमा प्रमुख प्रशासकीय अधिकृत समक्ष फर्म दर्ताका लागि टिप्पणी पेश गर्नेछ।

सम्पूर्ण प्रकृया पूरा गरी कार्यालयबाट सम्बन्धित समूहलाई अनुसूची १२ बमोजिमको प्रमाणपत्र प्रदान गरिनेछ। फर्म दर्ताका लागि पेश भएका कागजातहरुको अभिलेख तथा फर्म दर्ताको लगत राख्ने जिम्मेवारी पशु सेवा शाखाको हुनेछ।

(३) दर्ता शुल्क: नयाँ पशुपंक्षी फर्म वा मिश्रित फर्म दर्ता शुल्क प्रति फर्म रु. १,०००।- लाग्नेछ ।

१०. पशुपंक्षी फर्म वा मिश्रित फर्म नवीकरण सम्बन्धी :

(१) फर्म नवीकरण गर्नका लागि अनुसूची १३ बमोजिमको निवेदनका साथ सम्बन्धित वडा कार्यालयको सिफारिस समेत संलग्न गर्नु पर्नेछ ।

(२) हरेक वर्ष *असोज (पहिलो संशोधन) महिनाको १५ गतेभित्र कार्यालयमा पशुपंक्षी फर्म वा मिश्रित फर्म नवीकरण गर्नु पर्नेछ ।

(३) फर्म नवीकरण शुल्क प्रत्येक पटक प्रति फर्म रु. ५००।- लाग्नेछ । यस कार्यविधिमा तोकिएको म्यादभन्दा ढिलो नवीकरण गर्न आएमा नवीकरण शुल्क रु. ५००।- र *प्रति वर्ष रु. २५०।- (पहिलो संशोधन) का दरले थप शुल्क लाग्नेछ ।

११. विविध:

(१) कृषि फर्म/पशुपंक्षी फर्म/कृषि तथा पशुपंक्षी फर्म दर्ता तथा नवीकरणको अभिलेख अनुसूची १४ बमोजिमको ढाँचामा सम्बन्धित शाखामा राखिनेछ ।

(२) यस कार्यविधि बमोजिम दर्ता भएका समूह तथा फर्महरुको आवश्यकता अनुसार कार्यालय वा सम्बन्धित शाखाले अनुगमन गर्नेछ ।

(३) गाउँ कार्यपालिकाले आवश्यकता अनुसार यस कार्यविधिका अन्तरवस्तुहरुमा थपघट वा परिमार्जन गर्न सक्नेछ ।

(४) यसअघि भएका कृषि समूह, पशुपालन समूह, कृषि तथा पशुपालन समूह, कृषि फर्म, पशुपंक्षी फर्म र मिश्रित फर्म दर्ता तथा नवीकरण प्रकृया यसै कार्यविधि बमोजिम भएको मानिने छ ।

अनुसूची १

समूह दर्ताको लागि निवेदन

मिति :

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
रोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पहरीगाउँ, इलाम

विषय : कृषक समूह/पशुपालक समूह/कृषक तथा पशुपालक समूह दर्ता गरिपाऊँ भन्ने बारे।

प्रस्तुत विषयमा यस रोङ गाउँपालिका, वडा नं. …… मा गठन भएको …………………………………………………… नामको कृषक समूह/पशुपालक समूह/कृषक तथा पशुपालक समूहलाई 'रोङ गाउँपालिकाको कृषक समूह/पशुपालक समूह/कृषक तथा पशुपालक समूह दर्ता तथा नवीकरण कार्यविधि, २०८१' को दफा ३ बमोजिम दर्ता गरिपाऊँ भनी आवश्यक सम्पूर्ण कागजातहरु संलग्न गरी यो निवेदन पेश गरेका छौं।

निवेदक :
नाम :
पद :
हस्ताक्षर :

अनुसूची २

समूहको विवरण

१. समूहको नाम :

२. ठेगाना :(क) गाउँपालिका : …………………… (ख) वडा नं. :….. (ग) टोल : ……………………

३. समूहको उद्देश्य : ……………………………………………………………………

४. सदस्य संख्या : (क) पुरुष : ………… (ख) महिला :……………. (ग) जम्मा : …………………

५. समितिका पदाधिकारीहरुको विवरण :

| **क्र. सं.** | **पद** | **नाम, थर** | **शैक्षिक योग्यता** | **उमेर (वर्ष)** | **जग्गा (रोपनी)** | **दस्तखत** |
|---|---|---|---|---|---|---|
| १ | अध्यक्ष | | | | | |
| २ | उपाध्यक्ष | | | | | |
| ३ | सचिव | | | | | |
| ४ | कोषाध्यक्ष | | | | | |
| ५ | सदस्य | | | | | |
| ६ | सदस्य | | | | | |
| ७ | सदस्य | | | | | |
| ८ | सदस्य | | | | | |
| ९ | सदस्य | | | | | |
| १० | सदस्य | | | | | |
| ११ | सदस्य | | | | | |
| १२ | सदस्य | | | | | |
| १३ | सदस्य | | | | | |
| १४ | सदस्य | | | | | |
| १५ | सदस्य | | | | | |
| १६ | सदस्य | | | | | |
| १७ | सदस्य | | | | | |
| १८ | सदस्य | | | | | |
| १९ | सदस्य | | | | | |
| २० | सदस्य | | | | | |
| २१ | सदस्य | | | | | |

अनुसूची ३

# रोङ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### पहरीगाउँ, इलाम

## दर्ता प्रमाणपत्र

दर्ता नं.:

दर्ता मिति:

यस रोङ गाउँपालिका, वडा नं. ...... मा गठन भएको ................................................................ नामको कृषक समूह/पशुपालक समूह/कृषक तथा पशुपालक समूहलाई 'रोङ गाउँपालिकाको कृषि तथा पशुपालन समूह/फर्म दर्ता तथा नवीकरण कार्यविधि, २०८१' को दफा ३ (ग) बमोजिम यस कार्यालयमा दर्ता गरिएको छ।

| | |
|---|---|
| .................... | .................. |
| शाखा प्रमुख | प्रमुख प्रशासकीय अधिकृत |

# नवीकरण

| क्र. सं. | नवीकरण मिति | नवीकरण बहाल रहने मिति | नवीकरण दस्तुर र भौचर नं. | नवीकरण गर्ने अधिकारीको नाम, पद | नवीकरण गर्नेको हस्ताक्षर |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

अनुसूची ४

समूह नवीकरणको लागि निवेदन

मिति :

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
रोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पहरीगाउँ, इलाम

विषय : कृषक समूह/पशुपालक समूह/कृषक तथा पशुपालक समूह नवीकरण गरिपाऊँ भन्ने बारे।

प्रस्तुत विषयमा यस कार्यालयमा मिति : ................................... मा दर्ता भई सञ्चालनमा रहेको ........................................................ नामको कृषक समूह/पशुपालक समूह/कृषक तथा पशुपालक समूहलाई 'रोङ गाउँपालिकाको कृषक समूह/पशुपालक समूह/कृषक तथा पशुपालक समूह दर्ता तथा नवीकरण कार्यविधि, २०८१' को दफा ४ बमोजिम नवीकरण गरिपाऊँ भनी आवश्यक सम्पूर्ण कागजातहरु संलग्न गरी यो निवेदन पेश गरेका छौं।

निवेदक :
नाम :
पद :
हस्ताक्षर :
समूहको छाप :

अनुसूची ५

समूहको विस्तृत विवरण

१. समूहको नाम : ………………………..

२. समूह दर्ता नं. : …………………………

३. समूह दर्ता मिति : ……………………

४. अध्यक्षको नाम र सम्पर्क नं. : ………………………………………..

५. ठेगाना :(क) गाउँपालिका : …………………… (ख) वडा नं. :….. (ग) टोल : ……………………

६. समूहको उद्देश्य : …………………………………………………………………………

७. सदस्य संख्या : (क) पुरुष : ………… (ख) महिला :……………. (ग) जम्मा : …………………

८. समूहको किसिम : ……………………

९. प्रति महिना प्रति व्यक्ति बचत रु. : ………………..

१०. प्रति महिना समूहको हितकोष संकलन रु. : …………………

११. हालसम्मको जम्मा हितकोष संकलन रु. : ………….

१२. नियमित बैठक बस्ने मिति : ……………….

१३. हालसम्म बसेको बैठक संख्या : …………….

१४. समूहले प्रयोग गरिरहेको जम्मा जग्गाको क्षेत्रफल : …………

**१५. समितिका पदाधिकारीहरुको विवरण :**

| क्र. सं. | पद | नाम, थर | शैक्षिक योग्यता | उमेर (वर्ष) | जग्गा (रोपनी) | दस्तखत |
|---|---|---|---|---|---|---|
| १ | अध्यक्ष | | | | | |
| २ | उपाध्यक्ष | | | | | |
| ३ | सचिव | | | | | |
| ४ | कोषाध्यक्ष | | | | | |
| ५ | सदस्य | | | | | |
| ६ | सदस्य | | | | | |
| ७ | सदस्य | | | | | |
| ८ | सदस्य | | | | | |
| ९ | सदस्य | | | | | |
| १० | सदस्य | | | | | |
| ११ | सदस्य | | | | | |
| १२ | सदस्य | | | | | |
| १३ | सदस्य | | | | | |
| १४ | सदस्य | | | | | |
| १५ | सदस्य | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६ | सदस्य | | | | | |
| १७ | सदस्य | | | | | |
| १८ | सदस्य | | | | | |
| १९ | सदस्य | | | | | |
| २० | सदस्य | | | | | |
| २१ | सदस्य | | | | | |

अनुसूची ६

समूहको वार्षिक कार्यप्रगति तथा वार्षिक कार्ययोजना

१. समूहको नाम :

२. ठेगाना :(क) गाउँपालिका : ........................ (ख) वडा नं. :..... (ग) टोल : ........................

३. अध्यक्षको नाम र सम्पर्क नं. : ..........................................

**४. गत आ. व. : ..................... को वार्षिक प्रगती विवरण :**

| क्र. सं. | कार्य विवरण | संख्या/परिमाण | गरिएको मिति | गरिएको प्रकृया | मुख्य उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | साधारणसभा तथा कार्ययोजना | | | | | |
| २ | समूहको नवीकरण | | | | | |
| ३ | मासिक बैठक | | | | | |
| ४ | हितकोष संकलन | | | | | |
| ५ | हितकोष परिचालन | | | | | |
| ६ | तालिम संचालन | | | | | |
| ६ क. | | | | | | |
| ६ ख. | | | | | | |
| ६ ग. | | | | | | |
| ७ | कार्यक्रमहरु | | | | | |
| ७ क. | | | | | | |
| ७ ख. | | | | | | |
| ७ ग. | | | | | | |
| ८ | अन्य | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |
| ११ | | | | | | |
| १२ | | | | | | |
| १३ | | | | | | |
| १४ | | | | | | |
| १५ | | | | | | |

**५. आ. व. : ………………… को वार्षिक कार्य योजना :**

| क्र. सं. | कार्य विवरण | संख्या/परिमाण | गरिने मिति | गरिने प्रकृया | अपेक्षित उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | साधारणसभा तथा कार्ययोजना | | | | | |
| २ | समूहको नवीकरण | | | | | |
| ३ | मासिक बैठक | | | | | |
| ४ | हितकोष संकलन | | | | | |
| ५ | हितकोष परिचालन | | | | | |
| ६ | तालिम संचालन | | | | | |
| ६ क. | | | | | | |
| ६ ख. | | | | | | |
| ६ ग. | | | | | | |
| ७ | कार्यक्रमहरु | | | | | |
| ७ क. | | | | | | |
| ७ ख. | | | | | | |
| ७ ग. | | | | | | |
| ८ | अन्य | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |
| ११ | | | | | | |
| १२ | | | | | | |
| १३ | | | | | | |
| १४ | | | | | | |
| १५ | | | | | | |

अनुसूची ७

(कार्यविधिको दफा ३ (ङ) सँग सम्बन्धित)

# रोङ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## पहरीगाउँ, इलाम, कोशी प्रदेश, नेपाल

### कृषक समूह/पशुपालक समूह/कृषक तथा पशुपालक समूह दर्ता किताब

**दर्ता नं. :**

**समूहको नाम :**

**समूह रहेको स्थान/ठेगाना :**

**संचालक/प्रोपाइटरको नाम :**

**पान नं.:**

**दर्ता मिति :**

**<u>प्रमाणपत्र जारी गर्ने अधिकारीको</u>**

**हस्ताक्षर :**

**नाम :**

**पद :**

**मिति :**

**समूहको छाप**

**नवीकरण :**

| क्र. सं. | नवीकरण गरेको आ. व. | मिति | रसिद नं. | रकम | नवीकरण गर्ने अधिकारीको सही | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

अनुसूची ८

(दफा ६ (१) सँग सम्बन्धित)

कृषि फर्म दर्ताको लागि निवेदन

मिति :

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
रोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पहरीगाउँ, इलाम ।

विषय : कृषि फर्म दर्ता गरिपाऊँ भन्ने बारे ।

प्रस्तुत विषयमा मैले देहाय बमोजिम व्यवसायिक रुपमा कृषि कर्म गर्दै आएकोले 'रोङ गाउँपालिकाको कृषि तथा पशुपंक्षी फर्म दर्ता तथा नवीकरण कार्यविधि, २०८१' बमोजिम ............................................................ नामको कृषि फर्म दर्ता गरिदिन हुन उक्त कार्यविधिको दफा ४ मा उल्लिखित सम्पूर्ण कागजात संलग्न गरी निवेदन गरेको छु ।

**देहाय :**

- प्रस्तावित कृषि फर्म रहेको स्थान :
- प्रस्तावित कृषि फर्मको क्षेत्रफल (रोपनीमा):
- व्यवसायिक रुपमा उत्पादन गरिरहेको कृषि बाली :
- प्रस्तावित फर्मबाट हुने वार्षिक कारोबार रु. :

निवेदक :

नाम :

हस्ताक्षर :

अनुसूची ९

(दफा ६ (२) सँग सम्बन्धित)

# रोङ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### पहरीगाउँ, इलाम

## कृषि व्यवसाय/फर्म दर्ता प्रमाणपत्र

दर्ता नं.:

दर्ता मिति:

देहायको विवरण भएको कृषि फर्मलाई समूहलाई 'रोङ गाउँपालिकाको कृषि तथा पशुपालन समूह/फर्म दर्ता तथा नवीकरण कार्यविधि, २०८१' को दफा ६ (२) बमोजिम दर्ता गरिएको छ।

- कृषि फर्मको नाम :
- कृषि फर्म रहेको स्थान :
- कृषि फर्मको क्षेत्रफल (रोपनीमा):
- व्यवसायिक रुपमा उत्पादन गरिरहेको कृषि बाली :
- कृषि फर्मबाट हुने वार्षिक कारोबार रु. :

.................... ..................

शाखा प्रमुख प्रमुख प्रशासकीय अधिकृत

# नवीकरण

| क्र. सं. | नवीकरण मिति | नवीकरण बहाल रहने मिति | नवीकरण दस्तुर र भौचर नं. | नवीकरण गर्ने अधिकारीको नाम, पद | नवीकरण गर्नेको हस्ताक्षर |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

अनुसूची १०

(दफा ७ (१) सँग सम्बन्धित)

कृषि फर्म नवीकरणको लागि निवेदन

मिति :

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
रोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पहरीगाउँ, इलाम

विषय : कृषि फर्म नवीकरण गरिपाऊँ भन्ने बारे।

प्रस्तुत विषयमा यस कार्यालयमा मिति : ............................ मा दर्ता भई सञ्चालनमा रहेको ........................................................ नामको कृषि फर्मलाई 'रोङ गाउँपालिकाको कृषि तथा पशुपंक्षी फर्म दर्ता तथा नवीकरण कार्यविधि, २०८१' को दफा ५ बमोजिम नवीकरण गरिपाऊँ भनी आवश्यक सम्पूर्ण कागजातहरु संलग्न गरी यो निवेदन पेश गरेको छु।

निवेदक :
नाम :
हस्ताक्षर :

अनुसूची ११

(दफा ९ (१) सँग सम्बन्धित)

पशुपंक्षी फर्म/मिश्रित फर्म दर्ताको लागि निवेदन

मिति :

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
रोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पहरीगाउँ, इलाम।

विषय : पशुपंक्षी फर्म/मिश्रित फर्म दर्ता गरिपाऊँ भन्ने बारे।

प्रस्तुत विषयमा मैले देहाय बमोजिम व्यवसायिक रुपमा कृषि कर्म गर्दै आएकोले 'रोङ गाउँपालिकाको कृषि तथा पशुपंक्षी फर्म दर्ता तथा नवीकरण कार्यविधि, २०८१' बमोजिम ............................................................ नामको पशुपंक्षी फर्म/मिश्रित फर्म दर्ता गरिदिन हुन उक्त कार्यविधिको दफा ७ मा उल्लिखित सम्पूर्ण कागजात संलग्न गरी निवेदन गरेको छु।

**<u>देहाय</u> :**

- प्रस्तावित पशुपंक्षी फर्म/मिश्रित फर्म रहेको स्थान :
- प्रस्तावित पशुपंक्षी फर्म/मिश्रित फर्मको क्षेत्रफल (रोपनीमा):
- प्रस्तावित पशुपंक्षी फर्म/मिश्रित फर्ममा रहेका चौपाया र पशुपंक्षी (नाम र संख्या):
- प्रस्तावित पशुपंक्षी फर्म/मिश्रित फर्ममा कृषि बाली (नाम):
- प्रस्तावित पशुपंक्षी फर्म/मिश्रित फर्मको वार्षिक कारोबार रु. :

निवेदक :

नाम :

पद :

हस्ताक्षर :

अनुसूची १२

(दफा ९ (२) सँग सम्बन्धित)

# रोङ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### पहरीगाउँ, इलाम

## व्यवसाय/फर्म दर्ता प्रमाणपत्र

दर्ता नं.:

दर्ता मिति:

देहायको विवरण भएको पशुपंक्षी फर्म/मिश्रित फर्मलाई 'रोङ गाउँपालिकाको कृषि तथा पशुपालन समूह/फर्म दर्ता तथा नवीकरण कार्यविधि, २०८१' को दफा ९ (२) बमोजिम दर्ता गरिएको छ।

- पशुपंक्षी फर्म/मिश्रित फर्मको नाम :
- पशुपंक्षी फर्म/मिश्रित फर्म रहेको स्थान:
- पशुपंक्षी फर्म/मिश्रित फर्मको क्षेत्रफल (रोपनीमा):
- पशुपंक्षी फर्म/मिश्रित फर्मको उद्देश्य :
- कृषि फर्मबाट हुने वार्षिक कारोबार रु. :

| | |
|---|---|
| .................... | .................. |
| शाखा प्रमुख | प्रमुख प्रशासकीय अधिकृत |

# नवीकरण

| क्र. सं. | नवीकरण मिति | नवीकरण बहाल रहने मिति | नवीकरण दस्तुर र भौचर नं. | नवीकरण गर्ने अधिकारीको नाम, पद | नवीकरण गर्नेको हस्ताक्षर |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

अनुसूची १३

(दफा १०  (१) सँग सम्बन्धित)

पशुपंक्षी फर्म/मिश्रित फर्म नवीकरणको लागि निवेदन

मिति :

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
रोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पहरीगाउँ, इलाम

विषय : पशुपंक्षी फर्म/मिश्रित फर्म नवीकरण गरिपाऊँ भन्ने बारे।

प्रस्तुत विषयमा यस कार्यालयमा मिति : .............................. मा दर्ता भई सञ्चालनमा रहेको ........................................................... नामको पशुपंक्षी फर्म/मिश्रित फर्मलाई ‘रोङ गाउँपालिकाको कृषि तथा पशुपंक्षी फर्म दर्ता तथा नवीकरण कार्यविधि, २०८१’  को दफा ८ बमोजिम नवीकरण गरिपाऊँ भनी आवश्यक सम्पूर्ण कागजातहरु संलग्न गरी यो निवेदन पेश गरेको छु।

निवेदक :

नाम :

हस्ताक्षर :

अनुसूची १४

(कार्यविधिको दफा ११ (१) सँग सम्बन्धित)

# रोङ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## पहरीगाउँ, इलाम, कोशी प्रदेश, नेपाल

### कृषि फर्म/पशुपंक्षी फर्म/मिश्रित फर्म दर्ता तथा नवीकरण किताब

दर्ता नं. :

फर्मको नाम :

फर्म रहेको स्थान/ठेगाना :

संचालक/प्रोपाइटरको नाम :

पान नं.:

दर्ता मिति :

प्रमाणपत्र जारी गर्ने अधिकारीको

हस्ताक्षर :

नाम :

पद :

मिति :

फर्मको छाप

नवीकरण :

| क्र. सं. | नवीकरण गरेको आ. व. | मिति | रसिद नं. | रकम | नवीकरण गर्ने अधिकारीको सही | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |